सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९१ ♦ २०८३ साल असार २३ मंगलवार ♦ 7 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# पूर्वसांसद कोइरीलाई जेल पठाउनुका कारण पेस गर्न आदेश



**खबर दर्पण समाचारदाता**

**असार २२ गते, बर्दिवास**

सर्वोच्च अदालतले एमालेका पूर्वसांसद लक्ष्मी कोइरी महतोलाई पक्राउ गरी कैद पठाउनुका कारण पेस गर्न सरकारका नाममा आदेश दिएको छ ।

आफ्ना बाबुलाई गैरकानुनी रूपमा थुनामा पठाइएको भन्दै लक्ष्मी कोइरीका छोरा मनोजकुमार महतोले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । त्यही निवेदनको सुनुवाइपछि न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले लक्ष्मी महतो कोइरीलाई थुनामा पठाउनुका कारण पेस गर्न आदेश दिएको हो ।

मधेश आन्दोलनका बेला घाइते सशस्त्र प्रहरी थमन विकलाई सांघातिक आक्रमण गरी हत्या गरेको घटनामा संलग्न रहेको आरोपमा उच्च अदालत जनकपुरले गतसाता एमालेका पूर्वसांसद लक्ष्मी कोइरी महतोलाई ५ वर्ष कैद सजाय तोकेको थियो ।

कामु मुख्यन्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले केही आरोपितहरूलाई सफाइ दिने भनी जिल्ला अदालतले गरेको फैसला उल्ट्याउँदै कोइरीको हकमा पाँच वर्ष कैद सजाय हुने फैसला गरेको हो ।

१० वर्षभन्दा कम सजाय पाएका व्यक्तिले थुनाबाहिर रहेको भए धरौटी राखेर नै त्यसविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउँछ । त्यस्तो मुद्दामा फैसला अन्तिम भएपछि मात्रै त्यसको कार्यान्वयन हुनुपर्ने भन्दै मनोजकुमार महतोले उच्च अदालतबाट फैसला हुनासाथ आफ्नो बाबुलाई पक्राउ गरेर सरकारले गैरकानुनी काम गरेको जिकिर गरेका हुन् ।

# मुआब्जा विवाद समाधानपछि रेलमार्ग निर्माणले गति लियो

**खबर दर्पण समाचारदाता**

**असार २२ गते, बर्दिवास**



लामो समयदेखि मुआब्जासम्बन्धी विवादका कारण प्रभावित जयनगर-बर्दिबास रेलमार्गको बाँकी करिब १८ किलोमिटर खण्डको निर्माण कार्यले पुनः गति लिएको छ। विवाद समाधान भएसँगै निर्माण कम्पनीले धनुषा र महोत्तरी क्षेत्रमा रेल ट्र्याक बिछ्याउने कार्यलाई तीव्र बनाएको हो।

नेपाल-भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माणाधीन यो रेलमार्गलाई दुवै देशबिचको महत्वपूर्ण सीमापार पूर्वाधार परियोजनाका रूपमा लिइएको छ। परियोजना सम्पन्न भएपछि नेपाल-भारतबिचको आवागमन, व्यापार तथा आर्थिक गतिविधिमा उल्लेखनीय सहजता आउने अपेक्षा गरिएको छ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार निर्माण कार्यलाई अब तीव्र गतिमा अघि बढाइनेछ। उहाँले बाँकी काम निर्धारित समयमै सम्पन्न गरी आगामी दुई वर्षभित्र बर्दिबाससम्म नियमित रेल सेवा सञ्चालन गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो।

महाप्रबन्धक पराजुलीका अनुसार परियोजनाको निर्माण जिम्मेवारी पाएको भारतीय कम्पनी इरकन इन्टरनेसनलले आवश्यक जनशक्ति, उपकरण र प्राविधिक व्यवस्थापन परिचालन गरी निर्माणलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ। लामो समयदेखि मुआब्जा विवादका कारण रोकिएको क्षेत्रमा अहिले पुनः निर्माण कार्य सुरु भएसँगै परियोजनाले गति लिएको उहाँले बताउनुभयो।

जयनगर-बर्दिबास रेलमार्गको कुल लम्बाइ करिब ७० किलोमिटर रहेको छ। यसमध्ये जयनगर-कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ। त्यसपछि कुर्था-बिजलपुरा खण्डमा पनि रेल सञ्चालनका लागि पूर्वाधार तयार भइसकेको छ भने बाँकी बिजलपुरा-बर्दिबास खण्डमा ट्र्याक बिछ्याउने, संरचना निर्माण तथा अन्य प्राविधिक काम भइरहेको छ।

रेलमार्ग विस्तारसँगै नेपाल रेल्वे कम्पनीले रेल्वे स्वामित्वमा रहेको जग्गा संरक्षण अभियानसमेत सुरु गरेको छ। कम्पनीले विभिन्न स्थानमा अतिक्रमणमा परेको रेल्वे जग्गा पहिचान गरी खाली गराउने प्रक्रिया अघि बढाएको जनाएको छ।

महाप्रबन्धक पराजुलीका अनुसार पुराना नक्सा, अभिलेख तथा प्राविधिक विवरणका आधारमा रेल्वे जग्गा यकिन गरी अतिक्रमण हटाइनेछ। यसका लागि सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सरोकारवाला निकायसँग समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो।

जयनगर-बर्दिबास ब्रोडगेज रेलमार्ग नेपालमा रेल पूर्वाधार विस्तारका दृष्टिले महत्त्वपूर्ण परियोजनामध्ये एक मानिन्छ। परियोजना सम्पन्न भएपछि मधेश प्रदेशका धनुषा र महोत्तरी सहित आसपासका जिल्लाका नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ। साथै सीमापार यात्रालाई सुरक्षित, सहज र सुलभ बनाउनुका साथै मालसामान ढुवानीमा समेत उल्लेखनीय सहजता आउने विश्वास गरिएको छ।

रेलमार्ग सञ्चालनले नेपाल-भारतबिचको आर्थिक तथा व्यापारिक सम्बन्धलाई थप मजबुत बनाउनुका साथै पर्यटन, लगानी र क्षेत्रीय विकासमा समेत सकारात्मक प्रभाव पार्ने सरोकारवालाको अपेक्षा छ। निर्माण कार्यले पुनः गति लिएसँगै निर्धारित समयमै बर्दिबाससम्म रेल सेवा विस्तार हुनेमा स्थानीयवासी आशावादी देखिएका छन्।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# लघुवित्त, वैंक, सहकारी तथा सुकुम्वासी पिडितको पक्षमा महाअभियान : संयोजक प्रसाई

**खबर दर्पण समाचारदाता**
**असार २२ गते, बर्दिवास**



नागरिक बचाउँ महाअभियानका संयोजक एवं मेडिकल व्यवसायी दुर्गा प्रसाईले आफूहरुको अभियान लघुवित्त, वैंक, सहकारी तथा सुकुम्वासी पिडितका लागि भएको बताउनु भएको छ ।

महाअभियानका संयोजक प्रसाईले जनकपुरधाम विमान स्थलमा आज पत्रकारहरुसंग कुरा गर्दै सो कुरा बताउनु भएको हो । उहाँले आफूहरुको अभियान धर्म संस्कृतिको रक्षा तथा सनातन हिन्दू राष्ट्र स्थापनाका लागि भएको बताउनु भयो ।

उहाँले आफू माता जानकीको दर्शन तथा नेपालीलाई विगतमा मधेशी भनेर हेप्ने काम भएकाले टुटेको माला जोड्नका लागि आएको बताउनु भयो । प्रसाईले विगतमा अकारण आफूलाई पक्राउँ गर्ने गरेको बताउदै आफ्नो पक्षमा अदालतले हिमाल झैं अभिएर न्याय दिदै आएको बताउनु भयो ।

उहाँले चाडै धवल शम्सेर राण सहितका परिवर्तन कयरी शक्तिहरुको सहभागितामा नयाँ पार्टी खोल्ने जानकारी पनि दिनु भयो । प्रसाईसंगै पूर्व सांसद धवल शम्शेर राणा जनकपुरधाम आउनु भएको छ ।

उहाँहरुको सहभागितामा भोली मंगलवार जनकपुरधाम उद्योग वाणिज्य संघका अभियानसंग जोडिएका नेता तथा कार्यकर्ताहरुको भेला गर्ने कार्यक्रम रहेको छ ।

# 'आरजेयु'का नवनियुक्त उपकुलपति लाभद्वारा पदभार ग्रहण

**खबर दर्पण समाचारदाता**
**असार २२ गते, बर्दिवास**



राजर्षी जनक विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राध्यापक डाक्टर श्याम नारायण लाभले जनकपुरधामस्थित उपकुलपतिको कार्यालयमा पदभार ग्रहण गर्नुभएको छ ।

सोमबार जनकपुरधामस्थित उपकुलपतिको कार्यालयमा प्रा।डा। ले पदभार ग्रहण गर्नुभएको हो ।

पदभार ग्रहण कार्यक्रममा विश्वविद्यालयका निवर्तमान उपकुलपति प्रा.डा. विद्यासागर वर्मा, रजिस्ट्रार प्रा. डा. बलराम झा, विभिन्न संकायका डिन, परीक्षा नियन्त्रक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले नवनियुक्त उपकुलपति लाभलाई सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका थिए । विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, अनुसन्धान प्रवर्धन तथा संस्थागत विकासलाई प्राथमिकतामा राखी अघि बढ्ने अपेक्षा सहभागीहरूले व्यक्त गरेका छन् ।

पदभार ग्रहणसँगै विश्वविद्यालयको नेतृत्वमा नयाँ अध्याय सुरु भएको विश्वास व्यक्त गर्दै सहभागीहरूले विश्वविद्यालयको समग्र विकासका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राखेका थिए ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६३।०९।०२ मा दर्ता भएको प्रा.लि.नं.४१८४९ भएको क्लासिक काशमीर आर्ट (प्रा.ली.) को २०८३।०३।२२ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४९७१४८६७

# बजेटमा युवासम्बन्धी कार्यक्रम समावेश नभएको भन्दै मधेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र

**खबर दर्पण समाचारदाता**
**असार २२ गते, बर्दिवास**

मधेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा युवा सम्बन्धी कार्यक्रम र बजेट समावेश नगरिएको भन्दै युवाहरूले मुख्यमन्त्री समक्ष ज्ञापनपत्र बुझाएका छन् ।



युवा अभियन्ता मो. नइम र ाइनको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर रेड बुक प्रदेश सभाबाट पारित गर्नुअघि युवामैत्री बजेट समावेश गरी संशोधन गर्न माग गरेको हो ।

ज्ञापनपत्रमा मधेश प्रदेशको कुल जनसंख्याको ठूलो हिस्सा युवा भए पनि खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको युवा महाशाखाका लागि समेत बजेट विनियोजन नगरिनु दुःखद भएको उल्लेख छ ।

नीति तथा कार्यक्रममा युवालाई प्राथमिकता दिए पनि बजेटमा त्यसको प्रतिबिम्ब नदेखिएको भन्दै सरकारले तत्काल सुधार गर्नुपर्ने माग गरिएको छ ।

युवाहरूले रेड बुक संशोधन गरी युवा शाखा तथा युवामुखी कार्यक्रमका लागि छुट्टै बजेट व्यवस्था गर्न, प्रदेश युवा नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउन, प्रदेश युवा परिषद् गठन गर्न तथा नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, स्वयंसेवा र सामाजिक रूपान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न माग गरेका छन् ।

ज्ञापनपत्र बुझाउँदै युवा अभियन्ता राईनले युवाको भविष्यसँग खेलबाड नगर्न सरकारलाई आग्रह गरे ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री कृषण प्रसाद यादवले युवाहरूले उठाएका विषयप्रति सरकार गम्भीर रहेको बताउँदै बजेट पारित हुनुअघि आवश्यक समन्वय र संशोधनका लागि पहल गर्ने आश्वासन दिएका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषामा एकैदिन ११ फरार प्रतिवादी पक्राउ

धवेन्द्रकुमार यादव

**असार २२ गते, बर्दिवास**

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरि वानाको सजाय तोकिएपछि लामो समयदेखि फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले सोमबार विभिन्न स्थानमा विशेष खोजतलास अभियान सञ्चालन गरी फरार प्रतिवादीहरूलाई पक्राउ गरेको जनाएको हो।

पक्राउ परेकामध्ये बिगो, चेक अनादर, लागूऔषध तथा सार्वजनिक अपराधलगायतका मुद्दामा अदालतबाट कैद र जरि वानाको फैसला भइसकेका व्यक्तिहरू रहेका प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये केहीलाई एक वर्षसम्मको कैद सजाय तोकिएको छ भने केहीलाई दुई महिनासम्मको कैद सजाय सुनाइएको थियो।

त्यस्तै, विभिन्न मुद्दामा दुई हजार देखि २५ हजार रुपैयाँसम्म जरि वाना तोकिएका प्रतिवादीहरू पनि पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिइएको बताए।

उनले भने, 'अदालतबाट सजाय तोकिएर फरार रहेका प्रतिवादीहरूलाई कानुनी दायरामा ल्याउने अभियानलाई प्राथमिकताका साथ सञ्चालन गरेका छौं। कानूनको कार्यान्वयनमा कुनै सम्झौता हुँदैन। फरार रहेका अन्य प्रतिवादीहरूको खोजी पनि तीव्र रूपमा जारी छ।'

प्रहरीका अनुसार पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा उपस्थित गर इएको छ।




जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतको फैसला कार्यान्वयन, अपराध नियन्त्रण तथा फरार अभियुक्तको खोजीलाई आगामी दिनमा अझ प्रभावकारी बनाइने जनाएको छ।

साथै अदालतको सजायबाट बच्न फरार रहेकाहरूलाई स्वेच्छाले कानुनी प्रक्रियामा आउन आग्रह गर्दै अन्यथा खोजी अभियान थप कडाइका साथ अघि बढाइने चेतावनी पनि दिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६८।०२।१२ मा दर्ता भएको प्रा.लि.नं.८३४७९ भएको एशियन भिलेज रेष्टुरेण्ट बार (प्रा.ली.) को २०८३।०३।२२ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४९७१४८६७

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६८।०६।०१ मा दर्ता भएको प्रा.लि.नं.८६५६२ भएको शिव गिरी हाउजिंग - (प्रा.ली.) को २०८३।०३।२२ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४९७१४८६७

**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चटयाङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

**गौशाला नगरपालिका, महोत्तरी**

# पुस्तौँदेखिको भोगचलनले पायो कानुनी मान्यता, लालपुर्जा हात परेपछि ३२८ परिवारमा नयाँ आशा

**अजयकुमार साह**

**असार २३ गते, बर्दिवास**

धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ का सुरेश रायले वर्षौँदेखि एउटै जग्गामा घर बनाए, खेतीपाती गरे र परिवार हुर्काए। तर एउटा अभाव सधैँ खड्किरह्यो–जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने लालपुर्जा। आइतबार त्यो अभाव अन्त्य भयो। नापी कार्यालय धनुषाबाट लालपुर्जा हातमा परेपछि उहाँको अनुहारमा देखिएको खुसी शब्दमा व्यक्त गर्न गाह्रो थियो।

"हाम्रा बुबाबाजेले भोगचलन गर्दै आएको जग्गाको आज कानुनी कागज पायौँ। अब आफ्नै सम्पत्तिको प्रमाण हातमा छ। बैंकबाट ऋण लिन, छोरा छोरीको भविष्यका लागि योजना बनाउन र अन्य कानुनी काम गर्न सहज हुनेछ," उहाँले खुसी साट्नुभयो।

सुरेश रायजस्तै गणेशमान चार नाथ नगरपालिका-५ र ६ का ३२८ परिवारले आइतबार गाउँब्लक जग्गाको लालपुर्जा प्राप्त गरे। पुस्तौँदेखि भोगचलन गर्दै आएका उनीहरूका लागि यो केवल एउटा कागज होइन, बरु आफ्नो अधिकारको औपचारिक मान्यता बनेको छ।

स्थानीयवासीका अनुसार लालपुर्जा नहुँदा जग्गा आफ्नै भए पनि त्यसको कानुनी प्रमाण प्रस्तुत गर्न कठिन हुन्थ्यो। बैंकिङ कारोबार, ऋण सुविधा, स्वामित्व हस्तान्तरण तथा अन्य सरकारी सेवामा अनेक समस्या भोग्नुपर्थ्यो। अब भने ती समस्या धेरै हदसम्म हट्ने विश्वास उनीहरूले व्यक्त गरेका छन्।

नापी कार्यालय धनुषाका प्रमुख उमेश साहका अनुसार साबिक तल्लो गोदार गाविसका वडा नं. १ देखि ९ सम्म तथा हाल गणेशमान चारनाथ नगर पालिका-५ र ६ का ३२८ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको हो।

उहाँका अनुसार २०७० सालमै नापजाँच सम्पन्न भए पनि प्राविधिक र प्रशासनिक कारणले वितरण प्रक्रिया लामो समयसम्म रोकिएको थियो। आवश्यक कानुनी प्रक्रिया पूरा



भएपछि अहिले लाभग्राहीलाई लालपुर्जा हस्तान्तरण गरिएको हो।

गणेशमान चारनाथ नगर पालिकाका नगर प्रमुख जित नारायण यादवले पुस्तौँदेखि भोगचलन गर्दै आएका नागरिकलाई कानुनी स्वामित्व दिलाउनु राज्यको दायित्व भएको बताउनुभयो। उहाँले अझै लालपुर्जा प्राप्त गर्न बाँकी रहेका परिवारलाई पनि प्रक्रिया पूरा गरी चाँडै स्वामित्व प्रमाणपत्र उपलब्ध गराइने जानकारी दिनुभयो।

धेरै परिवारका लागि लालपुर्जा केवल सरकारी कागजात होइन, भविष्यप्रतिको भरोसा पनि बनेको छ। वर्षौंको प्रतीक्षा अन्त्य भएसँगै उनीहरू अब आफ्नो सम्पत्तिमाथि कानुनी अधिकार सुरक्षित भएको अनुभूति गरिरहेका छन्। उनीहरूको विश्वास छ–यो लालपुर्जाले आर्थिक गतिविधि विस्तार, बैंकिङ पहुँच र आगामी पुस्ताको भविष्यलाई थप सुरक्षित बनाउनेछ।

# महोत्तरीका १२ हजारभन्दा बढी उखु किसानलाई भुक्तानी प्रक्रिया सुरु

**खबर दर्पण समाचारदाता**

**असार २२ गते, बर्दिवास**

महोत्तरीका उखु किसानले लामो समयदेखि प्रतीक्षा गरिरहेको उखु बिक्रीबापतको रकम प्राप्त गर्ने प्रक्रिया अघि बढेको छ ।

जिल्लाका दुई चिनी उद्योगले किसानलाई उखु खरिदबापतको भुक्तानी सुरु गरेका छन् भने सरकारले उपलब्ध गराउने अनुदान रकम वितरणका लागि पनि प्रक्रिया अगाडि बढाइएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार जिल्लाभरका १२ हजार ३२ जना किसानबाट खरिद गरिएको २८ लाख ६७ हजार ९८७.३९ क्विन्टल उखुको मूल्य भुक्तानीको काम अन्तिम चरणमा पुगेको छ ।

यसका लागि एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिज लिमिटेड, रामनगर र सिद्धिविनायक सुगर एण्ड केमिकल इण्डष्ट्रिज प्रालिले किसानको खातामा रकम पठाउन थालेका हुन् ।

प्रशासनका अनुसार किसानलाई कुल १ अर्ब ७७ करोड ३४ लाख ३७ हजार २३२ रुपैयाँ भुक्तानी गर्नुपर्नेमा हालसम्म १ अर्ब ७६ करोड ५२ लाख ४६ हजार ४५६ रुपैयाँ किसानको खातामा जम्मा भइसकेको छ । अझै ८१ लाख ९० हजार ७७७ रुपैयाँ बराबरको रकम भुक्तानी हुन बाँकी रहेको जनाइएको छ ।

सबैभन्दा धेरै उखु खरिद गरेको एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले ११ हजार ८११ जना किसानबाट २८ लाख ५३ हजार १७८.९६ क्विन्टल उखु खरिद गरेको थियो ।

उद्योगले यसबापतको १ अर्ब ७६ करोड ३८ लाख ८५ हजार ७३६ रुपैयाँ भुक्तानी गरिसकेको जनाएको छ । यद्यपि, ७ जना किसानको बैंक खाता उपलब्ध नभएकाले उनीहरूको ३ लाख ७० हजार २५२ रुपैयाँ अझै वितरण हुन सकेको छैन ।

त्यसैगरी, सिद्धिविनायक सुगर एण्ड केमिकल इण्डष्ट्रिजले २१४ जना किसानबाट १४ हजार ८०८.४३ क्विन्टल उखु खरिद गरेकोमा १३ लाख ६० हजार ७२० रुपैयाँ भुक्तानी गरिसकेको छ । तर, उद्योगले अझै ७८ लाख २० हजार ५२५ रुपैयाँ किसानलाई दिन बाँकी रहेको तथ्यांकले देखाएको छ ।

उखुको मूल्यसँगै सरकारले उपलब्ध गराउने प्रति क्विन्टल ७० रुपैयाँका दरले अनुदान वितरणको प्रक्रिया पनि अघि बढेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रवक्ता तथा सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलका अनुसार उखु किसानलाई उपलब्ध गराइने २० करोड ७ लाख ५९ हजार ११७ रुपैयाँ ३० पैसा अनुदान रकम भुक्तानीका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ ।

उनका अनुसार असार १९ गते बसेको जिल्ला भुक्तानी समितिको बैठकले उक्त अनुदान रकम निकासा गरी किसानलाई वितरण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिस गर्ने निर्णय गरेको हो ।

भुक्तानी र अनुदान वितरणको प्रक्रिया सुरु भएसँगै लामो समयदेखि रकमको प्रतीक्षामा रहेका उखु किसानमा राहतको अपेक्षा बढेको छ ।

किसानहरूले बाँकी रकम तथा सरकारी अनुदान पनि शीघ्र प्राप्त हुने विश्वास व्यक्त गरेका छन् ।


## सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,